# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

खण्डः  १०　　　　संख्याः ५　　　　मितिः २०८३/०४/०१

भागः १


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८३

**सभाबाट स्वीकृत मितिः२०८३/०३/३१**

**प्रमाणीकरण मितिः २०८३/०४/०१**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गुराँस गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "गुराँस गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन गुराँस गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषाः (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले गुराँस गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८३ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले गुराँस गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः (१)** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गुराँस गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. नीति, निर्देशिका, कार्यविधि, दिग्दर्शन र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही गुराँस गाउँ कार्यपालिकाले आवश्यकता अनुसार नीति, निर्देशिका, कार्यविधि, दिग्दर्शन र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत